आज मिति २०८१ साल माघ २७ गते आइतवारका दिन मण्डनदेउपुर नगरपालिकाका नगरप्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम निम्न पदाधिकारीहरूको उपस्थितिमा नगरकार्यपालिकाको ५३औं बैठक बसी देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोक्का | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | प्र. प्र. अ. | श्री सुरज श्रेष्ठ | | |
| आमन्त्रित कि.मी. वडाध्यक्ष वडा नं. २ | | | दिनेश घोरासैनी | | |
| २४ | लेखा अधिकृत | मण्डनदेउपुर न.पा. | श्री पुष्पराज बजगाईं | | |
| २५ | योजना अधिकृत | मण्डनदेउपुर न.पा. | श्री कासीनाथ नेपाल | | |

## २०८१/१०/२७ गतेको नगर कार्यपालिकाको ५३^औं^ बैठकका निर्णयहरु

### एजेन्डाहरू

१. नगरकार्यपालिकाको मिति २०८१/०९/२७ गतेको ५२^औं^ कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा।

२. फुजिनोमिया भ्रमणको प्रतिवेदन प्रस्तुतीकरण सम्बन्धमा ।

३. फुजिनोमिया नगरसँग भगिनी सम्बन्ध कायम गर्न, बागमती प्रदेश सरकार समक्ष सहमती माग तथा नेपाल सरकारसँग पूर्व स्वीकृति माग गर्ने सम्बन्धमा ।

४. बागमती प्रदेश सरकारसँग चालु आ.व. मा सञ्चालन हुने योजनामा रकम थप माग सम्बन्धमा ।

५. नगरपालिका अन्तर्गत साझेदारिमा सञ्चालन योजनाहरुको सम्बन्धमा ।

६. अख्तियार अनुसन्धान आयोगको सुझाव कार्यान्वयन सम्बन्धमा ।

७. वडा नं. ४ निवासी साधुराम चौलागाई रुखले थिचेर घाईते भएकोले उपचारका लागि सहयोग सम्बन्धमा ।

८. योजनाको नाम संशोधन सम्बन्धमा ।

९. आन्तरिक आय तर्फको योजना सम्झौता तथा ठेक्का प्रकाशन सम्बन्धमा।

१०. इन्द्रावती नदिको EIA र ढाडखोला थारखोला र चाखोलाको IEE निर्माण सम्बन्धमा ।

११. LISA र FRA अनुमोदन सम्बन्धमा ।

१२. संघ र प्रदेशको समपूरक तथा विशेष योजना छनोट सम्बन्धमा ।

१३. सम्पन्न भएका योजनाहरुको फरफारक र त्रैमासिक प्रगति सम्बन्धमा ।

१४. कृषक/कृषि समुह/समिति गठन, दर्ता तथा व्यवस्थापन कार्यविधि सम्बन्धमा ।

१५. वडा नं. ३ र १२ को स्वास्थ्य चौकी र वडा नं. १० को शहरी स्वास्थ्य चौकी निर्माण सम्बन्धमा ।

१६. आ.व. ८१/८२ मा दायित्व सारिएका विपद् तथा क्षतिपुर्ति अन्तर्गतका योजनाहरुको कार्यान्वयन सम्बन्धमा ।

१७. विविध ।

### निर्णयहरु

निर्णय नं.१

नगर कार्यपालिकाको मिति २०८१/०९/२७ गतेको ५२^औं^ नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्य प्रगतिको प्रस्तुति तथा छलफल गरी निर्णय कार्यान्वयनको समीक्षा गरियो।

निर्णय नं.२

मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोक र जापानको फुजिनोमिया नगरबीच भगिनी सम्बन्ध कायम गर्ने उद्देश्यका साथ नगर प्रमुखको नेतृत्वमा मिति २०८१/१०/०६ देखी २०८१/१०/१४ सम्म भएको जापान भ्रमणको भ्रमण प्रतिवेदन कार्यपालिका समक्ष प्रस्तुत गरियो । उक्त प्रतिवेदनलाई अनुमोदन गर्दै जापान भ्रमणको क्रममा नगर प्रमुख नेतृत्वको टिमलाई सहयोग तथा सहजिकरण गर्नुहुने महामहिम राजदुत डा. दुर्गा बहादुर सुवेदी, भाषिक सहजकर्ता नरेश महर्जन तथा मण्डनदेउपुर नगरपालिका तथा अन्य क्षेत्रबाट जापानका विभिन्न शहरमा गई बसोबास गरिरहनुभएका सहयोगी सबै प्रति नगरपालिकाको तर्फबाट धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं.३

मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोक र जापानको फुजिनोमिया नगरबीच भगिनी सम्बन्ध कायम गर्ने उद्देश्यका साथ मण्डनदेउपुर नगरपालिकाको प्रतिनिधिमण्डलले जापानको फुजिनोमिया नगरको भ्रमण गरी प्रारम्भिक समझदारीपत्रमा हस्ताक्षर भई आगामी मार्च महिनामा फुजिनोमिया नगरका प्रतिनिधिमण्डलको मण्डनदेउपुर नगरको भ्रमणका क्रममा भगिनी सम्बन्ध स्थापना भएको घोषणा गर्ने कार्यक्रम तय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ८ बमोजिम भगिनी सम्बन्ध कायम गर्ने प्रयोजनार्थ नेपाल सरकारसँग पूर्व स्विकृती तथा बागमती प्रदेश सरकार समक्ष सिफारिस माग गर्ने निर्णय गरियो।

निर्णय नं. ४

आर्थिक वर्ष २०८१/०८२ का लागि बागमती प्रदेश सरकारको वार्षिक स्विकृत योजना तथा कार्यक्रम अन्तर्गत मण्डनदेउपुर नगरपालिका क्षेत्रमा सञ्चालित योजनाहरुका लागि रकम अपुग हुने भएकोले तपसिलका योजनाहरुलाई क्रमागत बनाई रकम थप गर्न बागमती प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो।

| क्र.सं. | योजना | क्षेत्र | रकम | स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | नयाँगाउ टयांकी डाडा घुमाउनेचौर सडक स्तरोन्नति मण्डनदेउपुर न.पा.-३ काभ्रे | सडक | २५००००० | प्रदेश सशर्त | भौतिक पूर्वाधार विकास |
| २. | दासिलटार गुरागाँईटार सातपाये सडक स्तरोन्नति मण्डनदेउपुर न.पा.-८ काभ्रे | सडक | २५००००० | प्रदेश सशर्त | भौतिक पूर्वाधार विकास |
| ३ | नयागाउ खस्रे नगरकोट सडक मण्डनदेउपुर २ र ३ | सडक | १५०००००० | प्रदेश समपुरक | भौतिक पूर्वाधार विकास |
| ४ | फेदी चण्डने हल्देछाप सडक (क्रमागत) मण्डनदेउपुर-११ | सडक | १५०००००० | प्रदेश समपुरक | भौतिक पूर्वाधार विकास |
| ५ | बन्चरेखोला तिमालटोल योञ्जनटोल टयांकीडाडा लामाटोल खानेपानी योजना मण्डनदेउपुर न.पा. ३ | खानेपानी | २६६०००० | प्रदेश सशर्त | खानेपानी, उर्जा तथा सिचाइ |
| ६ | नगरकोट पर्यटन विकास पर्यारण कार्यक्रम मण्डनदेउपुर-२ | पर्यटन | ५०००००० | प्रदेश सशर्त | कृषि, पर्यटन तथा सहकारी |

निर्णय नं. ५

मण्डनदेउपुर नगरपालिकाको नगरसभाको १५ औं अधिवेशनको नीतिगत निर्णय अन्तर्गत लागत सहभागिता हुने योजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गर्न सकिने निर्णय भएकोमा उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरुमा नगद लागत सहभागितालाई अनिवार्य नबनाई सामाग्री तथा श्रम सहभागितामा समेत देहायको मापदण्ड बमोजिम लागत सहभागितामा योजना कार्यान्वयन गर्ने निर्णय गरियो।

क. मठमन्दिर, गुम्बा, छ्योर्तेन लगायत धार्मिक/सांस्कृतिक सम्पदा सम्बन्धि निर्माणजन्य कार्यका लागी ५०%-५०% लागत सहभागितामा नगरपालिकाले अधिकतम रकम रु. ५०००००/- (अक्षरेपी पाँच लाख रुपैंया) लागत व्यहोर्ने र क्रियापुत्री ट्रस निर्माणका लागि अधिकतम रु१०००००/(अक्षरेपी दुई लाख रुपैंया) लागत व्यहोर्ने,

ख. सिंचाई पुर्वाधार, भुक्षय नियन्त्रण, बाढी पहिरो रोकथाम खेती योग्य जमिन/ खोला संरक्षण लगायत समान प्रकृतिका कार्यका लागि नगरपालिका र उपभोक्ता बिच ७०%-३०% लागत साझेदारी कायम गर्ने,

ग. रु. ५ लाख भन्दा कम लागत अनुमान भएका सडक निर्माण/मर्मत गर्ने कार्यमा नियमानुसार श्रम लागत साझेदारी गर्ने,

घ. सडक कालोपत्रे गर्ने योजनामा ५०%-५०% लागत सहभागितामा नगद साझेदारी गर्ने,

ङ. सडक सरसफाई सम्बन्धि कार्यमा प्रचलित कानून बमोजिम श्रम सहभागितामा गर्ने।

निर्णय नं. ६

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०८१/८२ च.नं. १६६ मिति २०८१ पौष २८ गतेको पत्रानुसार प्राप्त अख्तियार अनुसन्धान आयोगका सझावहरु उपर नगरकार्यपालिकामा छलफल गरि प्राप्त सुझावहरुलाई गम्भिरताका साथ कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. ७

मण्डनदेउपुर नगरपालिका वडा नं. ४ निवासी साधुराम चौलागाई रुखले थिचेर घाईते हुनुभएकोले नीजको सिघ्र स्वास्थ्य लाभको कामना गर्दै उपचार सहायता स्वरुप रकम रु. १५०००/- (अक्षरेपी पन्ध्र हजार रुपैंया) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ८

आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्विकृत योजना तथा कार्यक्रमको योजना क्र.सं. २५५ मा विनियोजित योजनाको नाम दिल बहादुर तामाङ गोठ आगलागी हुनुपर्नेमा मान बहादुर तामाङ गोठ आगलागी भएकोमा सोही बमोजिम योजनाको नाम संशोधन गरि योजना कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. ९

आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्विकृत योजना तथा कार्यक्रम अन्तर्गत आन्तरिक आय स्रोत कायम भएका योजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि स्रोत व्यवस्थापनका लागि पहल गर्दै विनियोजित योजना तथा कार्यक्रमहरु नगरसभाको १५ औं अधिवेशनले निर्णय गरे बमोजिम नै कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. १०

नदिजन्य पदार्थको संकलन र निकासीका लागि आ.व. २०७८/०७९ मा तयार गरी आ.व. २०७९/०८० देखी कार्यान्वयनमा रहेको नगरपालिका क्षेत्र अन्तर्गतका ईन्द्रावती नदि, चाखोला-आँशीखोला तथा ढाँडखोला-थारखोला नदिका वातावरणीय अध्ययन प्रतिवेदनहरुको म्याद चालु आ.व. मा समाप्त हुने भएकोले आगामी आ.व. २०८२/०८३ मा नदिजन्य पदार्थको संकलन र निकासी सम्बन्धी कार्य गर्न उल्लिखित नदिहरुको वातावरणीय अध्ययन प्रतिवेदन गर्न मण्डनदेउपुर नगरपालिका र बागमती प्रदेशको प्रचलित कानून अनुसार वातावरणीय अध्ययन प्रकृया अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं. ११

मण्डनदेउपुर नगरपालिकाको आ.व. २०८०/०८१ मा भए गरेका कामकारवाहीका आधारमा लिजा तथा FRA मूल्याङ्कन प्रणालीमा प्रविष्ट गरेका विवरणहरुका आधारमा प्राप्त प्राप्ताङ्क क्रमशः ७२.२५ र ८८ अङ्क अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १२

नेपाल सरकार/सङ्घीय सरकार र मण्डनदेउपुर नगरपालिका तथा बागमती प्रदेश सरकार र मण्डनदेउपुर नगरपालिकाबिचका समपुरक साझेदारीमा आगामी आ.व. २०८२/०८३ मा संञ्चालन गर्न नगरपालिकाको तर्फबाट देहायका योजनाहरु सङ्घीय सरकार तथा बागमती प्रदेश सरकार समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो। साथै, सङ्घीय सरकार तथा बागमती प्रदेश सरकार समक्ष देहायका विशेष योजनाहरु प्रस्ताव पेश गर्ने निर्णय गरियो।

क. सङ्घीय समपुरक अनुदान

| क्र.सं. | योजनाको नाम | ठेगाना | प्रस्तावित रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | फेदि-तिमल्सिनागाँउ-डाँडागाँउ-जुडिगाँउ-छिनेको पहिरो सडक | मदेनपा-८ र ११ | ४ करोड | |
| २. | सिमखेत-सिङ्गे-मेसागाउँ-मस्यार-ढाँडागाँउ-देवीस्थान सडक | मदेनपा-१ | ४ करोड | |
| ३. | कोलाचौर-रामपुर-चण्डेनी-पौवा सडक | मदेनपा-१० र १२ | ४ करोड | |

ख. प्रदेश समपुरक अनुदान

| क.सं. | योजनाको नाम | ठेगाना | प्रस्तावित रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | टयाङ्किडाँडा-माने-काशीभञ्ज्याङ्ग-नाला सडक | मदेनपा-३ | ३ करोड | |
| २. | फेदि-चण्डेनी-हल्देछाप सडक | मदेनपा-१० र ११ | ३ करोड | क्रमागत |

ग. सङ्घीय विशेष अनुदान

| क.सं. | योजनाको नाम | ठेगाना | प्रस्तावित रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | फोहोरमैला व्यवस्थापन तथा डम्पिङ साइट निर्माण | मदेनपा | ४ करोड | क्रमागत |

निर्णय नं. १३

मण्डनदेउपुर नगरपालिकाका आर्थिक प्रशासन शाखाबाट प्रस्तुत भएको चालु आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधिको आय तथा व्यय सहितको योजना तथा कार्यक्रम कार्यान्वयनको प्रगती विवरण उपर छलफल गरी प्रगती प्रतिबेदनको समिक्षा गरियो। साथै, चालु आ.व.को बैठकको मितिसम्म फरफारक भएका योजना तथा कार्यक्रमहरु अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १४

मण्डनदेउपुर नगरपालिका, कृषि विकास शाखाबाट प्रस्तावित मण्डनदेउपुर नगरपालिकाको कृषक/कृषि समूह/समिति गठन, दर्ता तथा व्यवस्थापन कार्यविधि, २०८१ छलफलका लागि सबै कार्यपालिका सदस्य समक्ष पेश गर्ने र आगामी बैठकमा निर्णयार्थ पेश गर्ने निर्णय गरियो।

निर्णय नं. १५

मण्डनदेउपुर नगरपालिकाका देहायका स्वास्थ्य चौकी जिर्ण भई पुनर्निर्माण तथा नयाँ शहरी स्वास्थ्य केन्द्र निर्माण गर्नुपर्ने भएकोले तपसिलका स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्र निर्माणका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो।

तपसिल

क. नयाँगाउँ स्वास्थ्य चौकी, मण्डनदेउपुर नगरपालिका वडा नं. ३

ख. ज्याम्दी स्वास्थ्य चौकी, मण्डनदेउपुर नगरपालिका वडा नं. १२

ग. चण्डेनी शहरी स्वास्थ्य केन्द्र, मण्डनदेउपुर नगरपालिका वडा नं. १०

निर्णय नं. १६

आर्थिक वर्ष २०८१/०८२ मा दायित्व सारिएका योजना अन्तर्गत विपद् तथा क्षतिपुर्ति वितरणसँग सम्बन्धित योजनाहरु विपद व्यवस्थापन कोषमा रकमान्तरण गरि विपद व्यवस्थापन कोष मार्फत योजनामा विनियोजन भए बमोजिमकै राहत/क्षतिपुर्ति/अनुदान रकम वितरण गर्ने निर्णय गरियो।

निर्णय नं. १७ विविध

क. निर्माणाधिन १५ शैय्याको नगर आधारभुत अस्पतालको प्राविधिक मूल्याङ्कन बमोजिमको पहिलो रनिङ बिल बापतको रकम विनियोजित आन्तरिक आय तथा सशर्त अनुदानबाट सम्बन्धित निर्माण व्यवसायीलाई भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

ख. निर्माणाधिन १५ शैय्याको नगर आधारभूत अस्पतालको निर्माणकार्यको प्राविधिक मूल्यांकन बोमिजिम रु४ करोड ९८ लाखको बिल पुष मसान्त भित्र भुक्तानी गर्नुपरेको र यसै चालु आ.व. थप कर्यको बिलको पनि भुक्तानी गर्नुपर्ने भएकोले नेपाल सरकारबाट चालु आ.व.मा विनियोजित रकम अपुग हुने भएको हुँदा थप रकम विनियोजन गर्न संघीय स्वास्थ्य मन्त्रालय मार्फत नेपाल सरकारसँग माग गर्ने निर्णय गरियो ।

ग. मण्डनदेउपुर नगरपालिका वडा नं. ९ गहतेडाँडामा रहेको रबरको रुख जिर्ण भई दुई वटा हाँगा भाँचिएको तथा बाँकी हाँगाहरु पनि जिर्ण रहेकोमा अबको हावाहुरीको मौसममा ती हाँगाहरु भाँचिन सक्ने भएकोले सम्बन्धित वडाको माग अनुसार उपरोक्त रुख कटान गर्न सम्बन्धित निकाय समक्ष सिफारिस साथ अनुरोध गर्ने निर्णय गरियो।

घ. आगामी फाल्गुण ९ देखी ११ सम्म काभ्रेपलाञ्चोक जिल्ला खेलकुद विकास समितिको आयोजनामा सञ्चालन हुने जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताका लागि नगरपालिकाको तर्फबाट रकम रु. १०००००/- (अक्षरेपी एक लाख रुपैया मात्र) सञ्चालन खर्च उपलब्ध गराउने निर्णय गरियो।

ङ. मण्डनदेउपुर नगरपालिकामा कार्यरत नगरप्रहरीहरुको हिंउदको समयमा राती ड्युटीमा खटाउन खरिद गरिएको न्यानो ज्याकेट वापतको रकम भुक्तानी गर्ने निर्णय गरियो।